# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १५ जेठ २०८०

# सोमवार

# बैठक सङ्ख्या- १०

राष्ट्रिय सभाको आजको बैठक सम्मानित अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको २०:०१ बजे प्रारम्भ भयो ।

(२०:०७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई आगामी आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानको प्रति सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

(२०:०८ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानको प्रति सभासमक्ष टेबुल गर्दछु । धन्यवाद ।

(२०:०८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, आगामी आर्थिक बर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गर्न मिति २०८०

जेठ २१, २२ र २३ गतेका दिनहरू र माननीय अर्थमन्त्रीबाट जवाफका लागि मिति २०८० जेठ २३ गतेको दिन निर्धारण गरिएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले दलीय आधारमा बैठक सुरु हुनु एक दिनअगावै कार्यव्यवस्था शाखा, राष्ट्रिय सभामा नाम उपलव्ध गराई दिनुहुनसमेत जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, सर्वप्रथम सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले समसामयिक विषयमा बोल्नका लागि समय माग गर्नुभएको छ । अब म उहाँलाई समय उपलब्ध गराउँछु ।

(२०:०९ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, म अहिले खास गरी पर्सीदेखि सुरु हुने मेरो भारत भ्रमणको विषयमा जानकारीको लागि यहाँ उपस्थित भएको छु । भारतका प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा २०८० जेठ १७ देखि २० गतेसम्म छिमेकी मित्र राष्ट्र भारतको औपचारिक भ्रमणमा म जाँदै छु । भ्रमणमा जाने नेपाली प्रतिनिधिमण्डलमा नेपाल सरकारका परराष्ट्रमन्त्री, अर्थमन्त्री, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्री एवम् उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलगायत विभिन्न मन्त्रालयका सचिवहरू एवम् अन्य वरिष्ठ सरकारी अधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू एवम् सञ्चारकर्मीहरूसमेत सम्मिलित हुनुहुने छ ।

नेपाल-भारत सम्बन्ध र सहकार्यका विभिन्न क्षेत्रका विषयमा हुने छलफल तथा सम्झौता र समझदारी पत्रमा हस्ताक्षर हुने कार्यक्रम रहेकोले सोहीअनुरूप प्रतिनिधिमण्डलको गठन गरिएको छ । आसन्न भारत भ्रमणका लागि विभिन्न चरणमा तयारी भइरहेको छ । नेपालको राष्ट्रिय हित र छिमेकी मित्र राष्ट्रसँगको मित्रवत सम्बन्धलाई केन्द्रमा राखी पूर्वप्रधानमन्त्रीहरू, पूर्वपरराष्ट्र मन्त्रीहरू, विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू, पूर्वकूटनीतिज्ञ एवम् क्षेत्रगत विज्ञहरूलगायतसँग परामर्श गरी भ्रमणका क्रममा उठान गरिने विषयवस्तुबारे गहिरोसँग बुझ्ने र सारभूत तयारी गर्ने काम पूरा भएको छ । भ्रमणका क्रममा भारतका महामहिम राष्ट्रपति एवम् महामहिम उपराष्ट्रपतिसँग शिष्टाचार भेटवार्ता गर्ने कार्यक्रम पनि रहेको छ । भारतका प्रधानमन्त्री महामहिम नरेन्द्र मोदीसँग हैदराबाद हाउसमा द्विपक्षीय वार्ता हुनेछ । भेटवार्ताको क्रममा भारतीय प्रधानमन्त्रीसँग नेपाल भारत सम्बन्धका विविध पक्षमा छलफल हुने तयारी रहेको छ । व्यापार, पारवहन, लगानी प्रवर्दन, ऊर्जा क्षेत्रमा व्यापार तथा अन्तरदेशीय विद्युत् प्रसारण लाइन, सिँचाइ,

बाढी तथा डुबान नियन्त्रण, कृषि, हवाई प्रवेशमार्ग, सम्पर्क सञ्जाल, पक्किपुल निर्माण तथा एकीकृत जाँच चौकी एवम् आन्तरिक कन्टेनर डिपोजस्ता पूर्वाधार निर्माण कार्य अगाडि बढाउनेलगायतका विषयहरूमा छलफल हुने छ ।

हवाई मार्गको सहजता एवम् सुदूरपश्चिम प्रदेशका सीमावर्ती जिल्लाहरूलाई भारतसँग जोड्ने मोटरेवल र झोलुङ्गे पुलको निर्माणका सम्बन्धमा समेत यो भ्रमणका दौरानमा छलफल हुने छ । नेपाल भारत सहकार्यका लागि जलविद्युत् एक महत्त्वपूर्ण विषय हो । यो हामी सबैलाई थाहा भएकै कुरा हो । नेपालका नदीहरूमा विभिन्न जलविद्युत् आयोजनामा नेपालको हित सुनिश्चित हुने गरी भारतीय लगानी भित्र्याउने, द्विपक्षीय ऊर्जा व्यापारका लागि Transmission line लगायतका संरचनाको निर्माण गर्ने, जलविद्युत् निर्यातका लागि आधार सुनिश्चित गर्ने विषय हाम्रो प्राथमिकताको विषय हुने छ ।

भारतको भूमि हुँदै बङ्गलादेशसँग समेत जलविद्युत् निर्यातको विषयमा समेत छलफल र समझदारी हुने छ । महाकाली सन्धिपश्चात् २६ वर्ष बितिसक्दा पनि पञ्चेश्वर परियोजनामा प्रगति हुन सकेको छैन । सिँचाइ र जलविद्युत्का लागि महाकाली नदीको पानीको समान र साझा उपयोग हुने गरी यस परियोजनाको डिपीआरलाई टुङ्गोमा पुऱ्याउनेतर्फ पनि हाम्रो प्रयास केन्द्रित हुने छ । द्विपक्षीय वार्ताबाट पहिले नै तयार पारिएको नयाँ पारवाहन सन्धिलाई टुङ्गो लगाउने पनि यस छलफलमा प्रयास र सम्भवतः अन्तिम चरणमा जाने छ ।

इतिहासदेखि नै थाती रहेको सीमालगायतका कतिपय अन्य राजनीतिक विषयहरू सम्बोधन गर्न विश्वासको वातावरण बनाउने गम्भीर प्रयास हुने छ । नेपाल उद्योग वाणिज्य महासङ्घ र भारतीय उद्योग परिसङ्घले संयुक्त रूपमा आयोजना गर्ने नेपाल-भारत Business Summit समेतलाई सम्बोधन गर्नुका साथै दुवै देशका उद्योग व्यापारीसँग अन्तरक्रिया गर्ने कार्यक्रमसमेत रहेको छ । यसरी द्विपक्षीय छलफल र समझदारीको एउटा प्रक्रिया टुङ्गिएपछि नेपाल फर्किनुअघि मध्यप्रदेशको इन्दोर र उज्जेनको भ्रमणसमेत गर्ने कार्यक्रम रहेको छ । इन्दोर स्वच्छ भारत अभियानअन्तर्गतको Solid Waste Management परियोजनाको अवलोकन, किन कि इन्दोर भारतको सबैभन्दा सफासुग्घर सहर मानिन्छ । हामीले नेपालको काठमाडौं उपत्यका र देशका सबै ठुला सहरहरूमा Waste Management गर्ने दृष्टिकोणले इन्दोरबाट चाहिँ शिक्षा लिने, सिक्न सक्ने कुराहरू छन् भन्ने इन्दोर रोजिएको छ । र त्यहाँको आईटी पार्कको पनि अवलोकन गर्ने कार्यक्रम रहेको छ । मूलतः भारत भ्रमणका क्रममा हुने मूल विषयहरूको बारेमा मैले जानकारी गराएँ । धन्यवाद ।

(२०:१५ बजे) **सम्मानननीय अध्यक्षः**- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(२०:१६ बजे) **विधायन व्यवस्थापन समितिका सभापति माननीय श्री जयन्ती देवी राईः**- सम्माननीय अध्यक्ष महोदय, कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ राष्ट्रिय सभाको मिति २०६९ साल असार २० गतेको निर्णयअनुसार दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा प्राप्त भएको थियो । समितिमा उक्त विधेयकउपर चारओटा बैठक बसी विधेयकको सैद्धान्तिक पक्ष र तिनका अन्तरवस्तुका सम्बन्धमा छलफल भएको थियो । छलफलमा सबै खालका सङ्क्रामक रोगलाई सम्बोधन गर्ने गरी विधेयक तर्जुमा हुनु व्यावहारिक हुने धारणा मानिने सदस्यहरूको रहेको थियो । यसै पृष्ठभूमिको जानकारीसहित विधेयक प्रस्तोता मन्त्रालयलाई समितिद्वारा पत्रचार गरिएको र दफावार छलफलअघि नबढाइएको बेहोरा यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, हाल कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ साललाई फिर्ता गर्न अनुमति माग्ने प्रस्ताव सभाको मिति २०८० साल जेठ ५ गतेको बैठकले पारित गरेको र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८० साल वैशाख १९ गतेको निर्णयसहित संलग्न गरिएको पत्र प्राप्त भएपश्चात् समितिमा छलफल हुँदा सबै खाले महामारी सङ्क्रामक रोगहरूलाई सम्बोधन गर्ने गरी छुट्टै विधेयक तर्जुमाको क्रममा रहेको जानकारी मन्त्रालयबाट प्राप्त भएकोसमेत सन्दर्भमा प्रस्तुत कोभिड- १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ फिर्ता गर्ने प्रक्रियाका लागि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ को उपनियम (२) बमोजिम सभाको बैठकमा प्रतिवेदन पेस गर्ने निर्णय समितिले गरेको बेहोरा जानकारी गराउँदछु ।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले कोभिड- १९ सङ्कट व्यवस्थापन समिति विधेयक, २०७८ सम्बन्धी समितिको प्रतिवेदन सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(२०:१८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम अब म स्वास्थ्य तथा

जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतलाई राष्ट्रिय सभामा विचाराधीन "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ फिर्ता गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

(२०:१९ बजे) **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मोहनबहादुर बस्नेत**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ फिर्ता गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(२०:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले पेस गर्नुभएको राष्ट्रिय सभामा विचाराधीन "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ फिर्ता गरियोस्" भन्ने प्रस्तावमाथि कुनै पनि माननीय सदस्यबाट विरोध नभएको हुँदा उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, राष्ट्रिय सभामा विचाराधीन "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ फिर्ता गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भई सभाबाट उक्त "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८" फिर्ता भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ २१ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ २१ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- २०:२० बजे ।**